# गुराँस राजपत्र

गुराँस गाउँपालिका, दैलेख द्वारा प्रकाशित

खण्डः ६,  संख्या- २,  मितिः २०८१/०३/३१

भाग-१

गुराँस गाउँपालिकाको सूचना

गुराँस गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशसन गरिएको छ ।

गुराँस गाउँपालिका

गुराँस गाउपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१

सभाबाट स्वीकृत मितिः २०८१/०३/२१

प्रमाणिकरण मितिः २०८१/०३/३१

प्रस्तावः गुराँस गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानक धारा २२९ को उप-धारा (२) बमोजिम गुराँस गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "गुराँस गाउँपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०८१/०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०८१/०८२ को निमित्त गाउँपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूचि १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा **रु. ६७,९०,७४,२११।- (अक्षरुपी सठ्सठ्ठी करोड नब्बे लाख चौहत्तर हजार दुई सय एघार मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त गुराँस गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाको बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू शीर्षकतर्फ सार्न र बित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

गुराँस गाउँपालिका

(३) उपदफा (२) मा जुकसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

गुराँस गाउँपालिका

अनुसूची—१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संञ्चित कोषबाट विनियोजन हुने रकम**

रु. हजारमा

| क्र.स. | अनुदान सङ्ख्या | बजेट शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | गाउँ कार्यपालिका | वित्तिय समानीकरण अनुदान(संघिय) | | | | ९,६७,५५,००० |
| २ | गाउँ कार्यपालिका | राजश्व बाडफाट(संघिय) | | | | ९,६१,००,००० |
| ३ | गाउँ कार्यपालिका | वित्तिय समानीकरण अनुदान (प्रदेश) | | | | १,०१,५९,००० |
| ४ | गाउँ कार्यपालिका | राजश्व बाडफाट(प्रदेश) | | | | १७,२१,२११ |
| ५ | विषयगत शाखा | सशर्त अनुदान(संघिय) | | | | २५,४७,२१,००० |
| ६ | गाउँ कार्यपालिका | सशर्त अनुदान (प्रदेश) | | | | ३,३३,१८,००० |
| ७ | गाउँ कार्यपालिका | विशेष अनुदान (संघिय) | | | | ० |
| ८ | गाउँ कार्यपालिका | विशेष अनुदान (प्रदेश) | | | | ५०,००,००० |
| ९ | गाउँ कार्यपालिका | समपूरक अनुदान (संघिय) | | | | ५०,००,००० |
| १० | गाउँ कार्यपालिका | समपूरक अनुदान (प्रदेश) | | | | १,००,००,००० |
| ११ | गाउँपालिका | आन्तरिक आय | | | | २,६३,००,००० |
| १२ | | विभिन्न गैर सरकारी संघ संस्थाहरु | | | | ४,००,००,००० |
| १३ | गाउँपालिका | सामाजिक सुरक्षा भत्ता | | | | १०,००,००,००० |
| | **जम्मा** | | | | | ६७,९०,७४,२११ |